सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २२ गते आइतवार // मृत भस्म नबन्दैमा भिक्ल्को भैकन बल्नुछ // 2023 February 05 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १५९

## कृषि औजारका केही मेशिन सञ्चालन -वैज्ञानिक पुन

नितेश कर्ण, वीरगंज, २१ माघ/

कृषि औजार कारखानाका केही



कृषि औजार कारखानाका मेशिनहरू मरम्मत गरी सञ्चालन गर्दै प्राविधिकहरू । तस्वीरः प्रतीक

मेशिनहरू सञ्चालनमा आएको महावीर पुनले बताएका छन् ।

विगत ३० वर्षदेखि नचलेका दुईवटा लेथ मेशिन, एउटा मिलिङ मेशिन, एउटा स्क्रू डाई प्रेस मेशिन, न्युमेटिक डाई प्रेस, पञ्चिङ मेशिन र ओभरहेड क्रेन मेशिन बनाएर सञ्चालनमा आएको उनले बताए ।

पुनले कारखानाका अधिकांश मेशिन मरम्मत गरेर सञ्चालनमा ल्याउन सकिने बताए । त्यसका लागि इन्जिनीयर र टेक्निसियनहरूको टीम लागिपरेको बताए । केही मेशिनहरू मरम्मत गर्दा त्यसले काम गरिरहेको बताए ।

उनका अनुसार कृषि औजारका मेशिनहरू यसभन्दा पहिले इन्जिनीयर र टेक्निसियनले कहिल्यै नदेखेको हुनाले मेशिन खोलेर अध्ययन गरी सञ्चालनमा ल्याउने प्रयास गरिरहेको बताए । उनले तीस वर्षसम्म नचलेको तेलबाट चल्ने फलाम तताउने भट्टीहरू बलेको र फलामलाई रातो हुने गरी तताइएको बताए । तातो फलामलाई पिट्ने पावर ह्यामर पनि चलेको उनले बताए ।

फलामको पातालाई काट्ने डाई प्रेस मेशिनले पनि काम गरेको बताए । त्यो पातालाई अर्को डाई प्रेस मेशिनले थिचेर बेल्चा बनाइएको बताए । साथै मिलिङ, रड काट्ने मेशिनसहित अन्य मेशिन पनि मरम्मतपछि चल्न थालेको बताए । पुनले दुई हप्तापछि केही औजारको नमूना बनाउन सकिने र बनेको खण्डमा ती औजारहरू किसानलाई उपलब्ध गराउने बताए ।

## जीराभवानी र वीरगंजमा रक्तदान

प्रस, सेढवा, २१ माघ/

सिर्जनात्मक समाज फाउन्डेशन, नेपाल जीराभवानी गापा-४ सुपौलीको आयोजनामा शनिवार सम्पन्न रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३० जनाले रक्तदान गरेका छन् ।

संस्थाका अध्यक्ष चन्द्रकिशोर रामले छठियादेवी, गीतादेवी थरुनी, दीपकदास थारू, रामजी प्रसाद महतो, जयकुमार साह रौनियार, प्रमोद रामलगायतले रक्तदान गरेको बताए ।

आजै संस्थाको उद्घाटन वडाध्यक्ष राजेश्वर दास थारूले गरेका थिए ।



सेढवा तस्वीरः प्रतीक



तस्वीरः प्रतीक

यसैगरी, सामुदायिक सेवा केन्द्र, मीनाबजारले आयोजना गरेको रक्तदान कार्यक्रममा छजना महिलासहित ५९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

विजय सर्राफ, राजु चौधरी, जीतेन्द्र साह, महेन्द्र साह, लालबाबू पासवान, सेजल गुरुङ, सञ्जय केशरी, अनीता ठाकुर, आर्यन पटेल, आशिष गुप्ता, विवेक बर्णवाललगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

## मौलापुर मधानी महोत्सवको उद्घाटन उपराष्ट्रपति पुनबाट हुने

प्रस, गरुडा, २१ माघ/

रौतहटको मौलापुर नगरपालिकाले केही वर्षदेखि गर्दै आएको मधानी महोत्सवलाई यस वर्ष पनि विशिष्ट बनाउने भएको छ । महाशिवरात्रिको अवसरमा आयोजना हुने मौलापुर मधानी महोत्सवमा उपराष्ट्रपति नन्दकिशोर पुनदेखि नेपाली र भारतीय चर्चित सिनेकर्मीहरूको सहभागिता रहने बताइएको छ ।

मौलापुर नगरपालिका- ५ पतौरामा रहेको पुरातात्त्विक महादेव मन्दिरमा फागुन ५ देखि ७ गतेसम्म मधानी महोत्सव हुने भएको छ । फागुन ५ गते मधानी महोत्सवको उद्घाटन उपराष्ट्रपति नन्दकिशोर पुनद्वारा हुने मौलापुर नगरपालिकाले जनाएको छ ।

मौलापुर नगरपालिकाद्वारा शनिवार आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख रीनाकुमारी साहले महाशिवरात्रिको अवसरमा तीन दिनसम्म चल्ने मधानी महोत्सवको उद्घाटन फागुन ५ मा उपराष्ट्रपति पुनले गरी महायज्ञ प्रारम्भ हुने बताएकी छन् ।

सोही दिन नेपालका चर्चित नेपाली कलाकार भुवन केसी तथा चर्चित भोजपुरी गायिका इन्दु सोनालीको पनि प्रस्तुति रहने नगरप्रमुख साहले बताएकी छन् ।

२०७६ देखि पुरातात्त्विक महादेव मन्दिर पतौरामा मधानी महायज्ञको सुरुआत नगरपालिकाद्वारा गरिएको थियो । २०७६ को पहिलो मधानी महायज्ञको उद्घाटन राष्ट्रपति विद्यादेवी भण्डारीबाट भएको थियो ।

मधानी महोत्सवको दोस्रो दिन फागुन ६ गते महाशिवरात्रि परेको छ । महाशिवरात्रिको दिन मधानी महोत्सवको मूल दिन हुने र विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गरिनुका साथै भोजपुरी सिनेमाका चर्चित कलाकारहरू पवन सिंह,



तस्वीरः प्रतीक

काजल राघवानीलगायतको पनि प्रस्तुति हुने बताइएको छ । यसैगरी, फागुन ७ गते अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगिताको आयोजना गरिने र देवा थापासहितका चर्चित कुश्तीबाजको सहभागिता रहने नगरपालिकाले जनाएको छ ।

यसैगरी, हरेक महोत्सवको अवधिमा हरेक रात शिवमण्डलीद्वारा शिवलीला प्रदर्शन हुने बताइएको छ । पत्रकार सम्मेलनमा नगर उपप्रमुख योगेन्द्र राय यादव, वडाध्यक्षहरू, निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहलगायतको सहभागिता थियो ।

मौलापुर-५ पतौरामा रहेको पुरातात्त्विक महादेव मन्दिर देशका १०० पर्यटकीय गन्तव्यमा परिसकेको छ भने विश्वसम्पदा सूचीमा सूचीकृत गर्न नगरपालिकाले प्रयास गरिरहेको छ । मन्दिर क्षेत्रमा विभिन्न पुरातात्त्विक सम्पदा पनि फेला परेका छन् ।

विभिन्न समयमा पुरातत्त्वविद्हरूको टोलीले पुरातत्त्व विभागको निर्देशनमा उत्खनन पनि गरेको छ । हजारौं वर्ष पुरानो संरचना पुरातात्त्विक महादेव मन्दिर परिसर र आसपासको क्षेत्रमा पाइएको छ ।

## बाराको चारकोसे झाडीमा भीम सखुवा र अर्जुन सखुवा

प्रस, निजगढ, २१ माघ/

बाराको चारकोसे झाडी वनक्षेत्रमा साल अर्थात् सखुवा प्रजातिका भीमकाय सखुवा भीम सखुवा रहेको छ । यसलाई नेपालकै साल प्रजातिका पुरानो र सबैभन्दा बढी गोलाइ भएको रूख अहिलेसम्म मानिंदै आएको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गदेखि करीब पाँच किलोमिटर दक्षिणमा हरियो ठाडो भीमकाय भीम सखुवा रहेको छ । यसको गोलाइ १८ फिट र उचाइ ६० फिट अनुमान गरिएको छ । यो रूख चार सय वर्षभन्दा पुरानो रहेको मानिएको छ ।

नेपालमा अहिलेसम्मको धेरै मोटाइ (गोलाइ) भएको बाराकै भीम सखुवा हो भन्दा फरक नपर्ने पर्यावरणविज्ञ डा भुवनकेशर शर्मा, वनविज्ञ अमरदेव यादव, वन्यजन्तु अनुसन्धानकर्ता रविआनन्द गोपालीले बताएका छन् ।

एक सय वर्ष खडा, एक सय वर्ष पडा, एक सय वर्ष ढला भन्ने गाउँसमाजमा साल, सखुवा, अग्राख रूखको बलियोपनलाई बडो महत्त्वका साथ भनिंदै आइएको छ । साल प्रजातिका रूखलाई ८० वर्षीय बालीचक्रको रूपमा लिई वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ तयार गरिएको थियो ।

अहिलेसम्म नेपालमा यो रूखभन्दा बढी मोटाइ भएको सालको रूख फेला परेको जानकारीमा नआएको वन संरक्षणकर्मी, जानकार एवं विज्ञहरू बताउँछन् ।

सो भीम सखुवा रूख निजगढ-सिम्रौनगढ सडकखण्डको तामागढी सडकदेखि करीब ३० मिटर पश्चिम सडक किनारमा छ । "नेपालमा धेरै मोटाइ भएका रूखहरू अरू पनि हुन सक्छन् । तर अहिलेसम्म भेटिएका, देखिएका हरियो ठाडो सालका रूखहरूमध्ये धेरै मोटाइ भएको भीम सखुवा नै भएको वन संरक्षणकर्मीको



तस्वीरः जीतलाल श्रेष्ठ

भनाइ छ ।

आफू वन विज्ञानको विद्यार्थी हुँदा २०४५ सालमा बाराको तामागढीस्थित भीम सखुवाको रूख हेर्न त्यस बेलाका थुप्रै विद्यार्थी साथीसँगै म पनि आएको सम्झना अहिले पनि ताजा रहेको डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंह बताउँछन् । "हामीलाई शिक्षकले पढाउनु हुँदा भीम सखुवा रूखको बारेमा जानकारी गराउनुभएको थियो । अहिले पनि प्रायः वन विज्ञान अध्ययन गर्ने विद्यार्थीहरूलाई अवलोकनका लागि भीम सखुवा रूख हेर्न ल्याउने कार्य जारी रहेको छ," डिएफओ सिंहले भने ।

दशकौंअघिदेखि सालका रूख पेशेवर चोर तस्कर समूहले निशानामा पर्दै आइरहेको छ । चोर तस्करले भीम सखुवा रूखलाई काटी लैजान अनेकौं प्रयास गर्ने क्रममा यस रूखलाई काट्न खोज्ने र त्यस समूहमा संलग्न हुनेहरूलाई तुरुन्तै कुन न कुनै अनिष्ट हुने भएपछि रूखलाई चोर तस्करहरूले काट्न छोडेको कोल्हवी र निजगढका पुराना स्थानीयहरू बताउँछन् । पछि रूखलाई पूजापाठ गरी सखुवा रूखमध्येको भीमकाय मोटो भएकोले यसको नाम भीम सखुवा राखेसँगै सोही नामले यस रूखलाई चिनिंदै आएको पुराना बूढापाकाहरू बताउँछन् ।

त्यसैगरी, बाराको निजगढस्थित वन क्षेत्रमा १६ फिट २ इन्च मोटाइ र ५० फिट उचाइ रहेको अनुमान गरिएको सखुवाको हरियो ठाडो रूख फेला परेको थियो ।

उक्त रूख २०७१ मङ्सिर २८ गते फेला परेको थियो । यो सालको रूख अहिलेसम्मको नेपालमैं दोस्रो धेरै मोटाइको सालको रूख रहेको विज्ञहरूको अनुमान छ । जसको नाम अर्जुन सखुवा राखिएको छ । तराई-मधेस फास्ट ट्र्याक निर्माणको क्रममा जङ्गली जनावरलाई आवतजावतमा समस्या पर्ने भएपछि अनुसन्धानका लागि खटिएका मानव तथा जङ्गली हात्ती द्वन्द्व विशेषज्ञ बाबुराम यादव, पर्यावरणविज्ञ डा भुवनकेशर शर्मा, वनविज्ञ अमरदेव यादव, वन्यजन्तु अनुसन्धानकर्ता रविआनन्द गोपाली सम्मिलित टोलीले फास्ट ट्र्याक

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**डाडे, घृणी, असन्तोषी, क्रोधी, सदा सन्देही, पर भाग्यबाट बाँच्ने, यी छह व्यक्ति सदैव दुःखी रहन्छन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# आध्यात्मिक समस्याहरूको समाधान हो ध्यान

ध्यानमा सम्पूर्ण आध्यात्मिक रहस्य समाविष्ट छन्, तर पनि यसको अनुभव कमै मानिसले गर्न सक्छन् र यसको कारण हो– ध्यानका विषयमा अनेक भ्रान्तिहरू प्रचलित छन् । धेरै मानिसले ध्यानलाई एकाग्रता मात्र ठान्छन् । केही मानिसका लागि ध्यान मानसिक व्यायाम मात्र हो । ध्यानलाई एकाग्रता ठान्ने मानिसहरू कसैगरी पनि मानसिक चेतनालाई एउटा बिन्दुमा एकत्र गर्ने कोशिश गर्छन्, यद्यपि उनीहरूको यस प्रयासले परामानसिक चेतनाको ढोका उघ्रिँदैन । उनीहरूलाई अन्तर्जगत्मा प्रवेश पाइन्न । उनीहरू त मात्र बाह्य अल्झोमा रुमलिँदै अथवा मानसिक द्वन्द्वमा अल्झिँदै समय बिताउँछन् ।



जसरी औषधिले शरीरबाट बिमारी ठीक पार्छ, त्यसैगरी ध्यानले अन्तस्लाई स्वस्थ पार्छ । ध्यान हाम्रो जागरूकता र हृदयसहित सबै इन्द्रियको संवेदनशीलतालाई द्रुत गतिले बढाउँछ । यही सकारात्मकता र भावनाहरूले हामीलाई ईश्वरको निकट लैजान्छ ।

ध्यानको अर्थ केही गर्नु होइन । ध्यान हो–पूर्ण विश्रामको अवस्थामा सासप्रति चेतन हुनु । पूर्णको तात्पर्य हो शरीर, मन र हृदय अर्थात् क्रिया, सोचविचार र भावनाहरू तीनैको विश्रान्ति । ध्यान प्रयास गरेर आउँदैन । जब पनि हामी ध्यानबाट बाहिर आउने प्रयास गर्छौं, व्यवधान आउँछ । हो ! जसै हामी आफूलाई पूर्णरूपले छाडिदिन्छौं, हामी पत्तै पाउँदैनौं, हामी कुन बेला ध्यानमा गयौं ।

हाम्रा क्रियाहरूका तीन तह छन् । एउटा शरीरको तह हो, जहाँ हामी केही काम गर्छौं । दोस्रो तह मनको हो, जहाँ हामी सोच्ने–विचार्ने गर्छौं । तेस्रो तह हो– हाम्रो हृदयको, भाव–जगत्को, जहाँ हामी भावनाहरूको अनुभव गर्दछौं । यी तीनैभित्र एउटा चौथो तह अरू छ । त्यो कुनै कर्मको तह होइन । त्यहाँ मात्र प्राण छ, मात्र चेतना छ, जहाँ हामी शरीर, मन वा हृदयले केही पनि गरिरहेका हुँदैनौं ।

हामीले के बुझेका छौं भने यदि हामी बिरामी छैनौं भने हामी स्वस्थ छौं, तर बिरामी नहुनुको अर्थ स्वस्थ हुनु होइन । केही अरू पनि चाहिन्छ । ध्यान त्यही चीज हो । यो हाम्रो आध्यात्मिक समस्याहरूको समाधान हो । ध्यानले हामीलाई उचित परिप्रेक्ष्यमा घटनाहरू निरीक्षण गर्ने दृष्टि दिन्छ । ध्यानीसँग भेट्दा हामीलाई उसको आन्तरिक खुशी र शान्ति स्पष्ट अनुभव हुन्छ । जसले ध्यान गर्छ, उसमा अतिन्द्रिय शक्तिहरू अवश्य विकसित हुन्छन् र यसले उसलाई जीवनको परम उद्देश्य खोज्नका लागि चेतन बनाइराख्छ । ध्यानप्रदत्त शून्यताले उसमा नयाँ सुझबुझ भरिदिन्छ । यस कुराको प्रबल सम्भावना रहन्छ कि ध्यानी स्वतन्त्र र आत्मनिर्भर विचारका स्वामी हुन्छन् । उसको वृत्ति आविष्कारक, सिर्जनात्मक, कलात्मक र साहित्यिक हुन्छ ।

ध्यान स्वयथार्थबोध अर्थात् 'सेल्फ एक्चुअलाइजेशन'मा मदतगार हुन्छ । यसले सेवाकार्यमा हाम्रो रुचि बढाउँछ । आत्मज्ञानको सम्भावनाको ढोका ध्यानबाट नै खुल्छ र यसको माध्यमले आफ्नोबारे मात्र होइन, अपितु अरूको विषयमा पनि गहन समझ उत्पन्न हुन्छ । यो ध्यान नै हो, जसको माध्यमबाट तनमन र चेतनाबीचको सामञ्जस्यको अखण्डतालाई बुझ्न र त्यसलाई साध्न सम्भव हुन्छ । यसबाट आध्यात्मिक विश्रामको गहिराइमा डुबुल्की लगाउन सकिन्छ र व्यक्ति विकाररूपी शत्रुहरूबाट मुक्त हुन थाल्छ तथा उसमा अरूको उन्नतिप्रति सहर्ष स्वीकारको भाव जन्मन्छ ।

**जो पनि ध्यानी हुन्छ, ऊ अकारण सन्तोषी, आनन्दी र मस्त देखिन्छ । कारण एकदम स्पष्ट छ–उसले अरूसँग तुलना गर्न छोडिसकेको छ । जसै तपाईं आफूसित परिचित बन्नुहुन्छ, तपाईं के बुझ्न थाल्नुहुन्छ भने अरू पनि तपाईंजस्तै अद्वितीय छन् ।**

ध्यान गर्ने मानिस पहिले जे थियो, त्यो रहँदैन । जीवनप्रति उसको दृष्टिकोण बदलिन्छ । ऊभित्र मैत्रीभाव र क्षमाभाव पनि आउँछ । यो उसलाई ध्यानको उच्चतर अवस्था अर्थात् समाधिसम्म पुर्‍याउन सहायक हुन्छ, जसले व्यक्तिको परमात्माका साथ गहिरो सम्बन्ध स्थापित हुन्छ । वास्तविक योग यही हो । ध्यानी अन्तर्मुखी अवश्य हुन्छ, तर ऊ गम्भीर हुँदैन । यसविपरीत उसले जीवनलीलालाई खेलजस्तै ठान्छ । यसै प्रवृत्तिले उसलाई वर्तमानमा जिउनका लागि मदत गर्दछ, जसले द्रष्टाभाव विकसित हुन्छ र व्यक्तिका लागि स्वयंलाई घटनाको साक्षी मात्र बुझ्न सहज हुन्छ । सत्ता र अहङ्कारभन्दा पर आत्मचैतन्यको खोजमा तल्लीन हुने यो परम सूत्र हो ।

जो पनि ध्यानी हुन्छ, ऊ अकारण सन्तोषी, आनन्दी र मस्त देखिन्छ । कारण एकदम स्पष्ट छ–उसले अरूसँग तुलना गर्न छोडिसकेको छ । जसै तपाईं आफूसित परिचित बन्नुहुन्छ, तपाईं के बुझ्न थाल्नुहुन्छ भने अरू पनि तपाईंजस्तै अद्वितीय छन् ।

# नेपाल–भारत खुला सिमाना : नियन्त्रण कि नियमन ?

समयान्तर



ओमप्रकाश खनाल

omkhanal@gmail.com

**नेपाल–भारत सीमावर्ती क्षेत्र द्विपक्षीय आर्थिक, सामाजिक रूपान्तरणका सम्भावना र सम्बन्धहरूको खानी भएर पनि द्रुत रणनीतिक कार्ययोजनाको अभाव सम्भाव्यताको सापेक्ष उपयोगमा विलम्बको कारण बनेको छ ।**

विश्वमा आज अपवादबाहेक खुला सिमानाप्रति उतिसारो सकारात्मक दृष्टिकोण पाइँदैन । अधिकांश देशले व्यापार र पारवाहनबाहेक मानवीय आवागमनलाई कुनै न कुनै उपायले नियन्त्रणमा राखेका छन् । सदियौंदेखि खुला सिमाना कायम रहेका देशहरू पनि आज सीमामा पर्खाल उभ्याउने पक्षमा देखिन्छन् ।

तर नेपाल र भारतजस्तो खुला सिमाना र सम्बन्ध विरलै भेटिन्छन् । नेपाल–भारत सम्बन्धको विशेषता नै यही खुलापन हो । यो नेपाल र भारतको भौगालिक सामीप्य मात्र नभएर सन् १९५० को शान्ति तथा मैत्री सन्धिको व्यवस्था पनि हो । यसलाई सामाजिक सम्बन्धले अटुटरूपमा बाँधेर राखेको छ ।

नेपाल–भारत सम्बन्धलाई खुला सिमाना र सामाजिक सम्बन्धले अझ खास बनाएको छ । दुई देशबीच राजनीतिक दृष्टिकोणमा असमझदारी हुँदासमेत नागरिक सम्बन्धलाई यही सामाजिक पक्षले जोड्दै आएको छ । खुला सिमाना नेपाल र भारतका सीमाञ्चलवासीको आदत बनिसकेको छ ।

विश्वव्यापीकरण र आर्थिक स्वार्थमा आधारित वैश्विक सम्बन्धको परिदृश्यमा नेपाल–भारत सम्बन्धमा आर्थिक सरोकार मात्र प्राथमिक होइन । भलै नेपालको दुई तिहाई व्यापार र करीब ९० प्रतिशत पारवहन भारतमाथि निर्भर छ । नेपाल–भारत सम्बन्धको अग्रभागमा सामाजिक जीवनको आपसी पकड बढी छ ।

केही समययता सन् १९५० को सन्धि पुनरावलोकन र खुला सिमाना नियन्त्रणका विषय बहसमा आउने थालेका छन् । यसमा दुवै देशका प्रबुद्ध समूहले काम पनि गरेका छन् । नेपाल–भारत दुवैतर्फ सशस्त्र सुरक्षा बलको सक्रियता बढ्दै गएबाट सीमा क्षेत्र नियन्त्रणको मार्गमा गएको भान हुनु पनि स्वाभाविक छ ।

यसलाई सुरक्षा संवेदनशीलताको सवालमा त सापेक्ष मान्न पनि सकिएला तर सामाजिक सम्बन्धमा समस्याको कारण भने बन्नुहुँदैन । बरु सुरक्षा सरोकारलाई सम्बोधन गर्न नेपाल र भारतबीच बेग्लै सहकार्यको आधार तयार गर्न सकिन्छ ।

हो, एउटा सामाजिक र आर्थिक परिवेशका आधारमा भएका सन्धि–सम्झौताहरू समयान्तरमा समीक्षाको विषय बन्न सक्छन् । सीमा क्षेत्रका सामाजिक दिनचर्यासँग जोडिएका यस्ता सरोकारलाई केवल राजनीतिक आग्रहले मात्र हेरियो भने त्यो न्यायोचित हुँदैन । नेपाल र भारतबीच आर्थिक र सामाजिक सम्बन्धका अवयवहरूको आलोकमा खुला सिमाना अहिले नियन्त्रणभन्दा नियमनको विषय चाहिं बढी बन्नुपर्दछ ।

खुला सिमाना दुवै देशका लागि एउटा महत्त्वपूर्ण आर्थिक अवसर हो । नेपालको अधिकांश वैदेशिक व्यापार भारतसँग छ । नेपालको दुई तिहाइ आपूर्ति भारतमा आधारित छ । नेपालका लागि इन्धन, औद्योगिक कच्चा पदार्थ र अन्य दैनिक उपभोग्य वस्तु मात्र नभएर अहिले खाद्यान्नको मुख्य आपूर्ति भारतबाट भइराखेको छ ।

नेपाल भारतको लागि मुख्य बजार हो । नेपाल भारतको लागि निर्यात व्यापारको एक मुख्य बजार बनिराख्दा भारतमा पनि नेपाली वस्तु तथा सेवाको पहुँच निश्चित गर्ने सन्दर्भमा सहकार्यको उपयुक्त पद्धतिको खाँचो भने खट्किएको छ । स्मरण हुन्छ, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका तत्कालीन महावाणिज्यदूत अशुतोष अग्रवालले यो लेखकसँगको एक भेटमा भनेका थिए, "आफ्नै बजारमा उपभोग्य उत्पादनहरूको सहज आपूर्तिका लागि समेत भारतीय लगानीकर्ताहरू नेपालका सीमावर्ती क्षेत्रमा लगानी गर्न चाहन्छन् ।"

सीमा क्षेत्रको भौगोलिक अवस्थिति लगानी आकर्षणको आधार मात्रै होइन, विशाल बजार र आपूर्तिमा सकस समेटेर बसेका छिमेकी देशबीच सहकार्यको सम्भावना पनि हो । अहिले पनि अधिकांश भारतीय लगानीका उद्योग सीमावर्ती क्षेत्रमैं छन् । नेपालमा भित्रिएको कुल वैदेशिक लगानीमा भारत दोस्रो स्थान (कुनै समय पहिलो स्थानमा थियो)मा छ ।

अर्थतन्त्रको उन्नतिका लागि राजनीतिसँगै भौगोलिक खुलापन सापेक्ष मानिन्छ । जस्तोसुकै आवरणमा किन नहोओस्, नियन्त्रणाले आर्थिक उपक्रमहरूलाई सङ्कुचित बनाउँछ । खुला सिमानाकै जगमा नेपालको अर्थतन्त्र विस्तारको बाटोमा अघि बढेको पनि हो । आर्थिकरूपमा तुलनात्मक कमजोर देशका लागि ठूलो अर्थतन्त्रसँगको खुला आवागमन अवसर हो । अमेरिकाको दक्षिण सीमावर्ती देशहरूले अमेरिकी बजारको भरपूर फाइदा लिएका छन् । आजको युरोपियन युनियनको आर्थिक उन्नति खुला आवागमनको उपज हो भन्नेमा विवाद छैन ।

नेपालले अबका केही वर्षभित्रै खाद्यान्नमा आत्मनिर्भर बन्ने उद्देश्य लिएको छ । नेपालको तराई–मधेस क्षेत्र खाद्यान्नको भण्डार हो । र यो क्षेत्रको सिमाना भारतका मुख्य आबादीयुक्त बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गालजस्ता राज्यसँग जोडिएको छ । यो निकटता नेपाल र भारतबीच कृषिमा सहकार्य गर्ने महत्त्वपूर्ण आधार बन्न सक्छ । कृषि उत्पादन र प्रविधिका क्षेत्रमा नेपालका लागि भारतसितको सहकार्य र सिको एउटा अवसर बन्न सक्छ । नेपालले तुलनात्मक लाभका खाद्यान्न भारत निकासी गर्न सक्छ ।

वैदेशिक लगानीको आकार र उत्पादनको प्रकृतिलाई सूक्ष्मरूपमा केलाउने हो भने छिमेकी लगानीकर्ता सीमा क्षेत्रका सम्भावनाको उपयोगमा जमेरै लागेको प्रस्ट हुन्छ । नेपाल–भारत खुला सिमानाका सहजता र अन्तरसम्बन्धित सम्भावनाहरूले भारतीय लगानीको रुचिलाई आकर्षित गरेको बुझिन्छ ।

ठूलो भूगोल, बजार र जनसङ्ख्यासहितको भारतका बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गाललगायतका आसपासका राज्यमा नेपालबाट आपूर्ति तुलनात्मकरूपमा सहज हुन सक्छ । यसबाट भारतलाई पारवहन र बाह्य लगानीका अवसरहरू उपलब्ध हुन्छन् । नेपाललाई औद्योगिकीकरण, रोजगार र यसका अवयवहरूको लाभ प्राप्त हुन सक्छ ।

नेपालमा खुलेका करीब १० हजार उद्योग कलकारखानामध्ये अधिकांश सीमावर्ती क्षेत्र र आसपासमा सञ्चालनमा रहनुले पनि औद्योगिकीकरणमा सीमा क्षेत्रको विशिष्टतालाई प्रमाणित गरेको छ । वीरगंज र विराटनगरजस्ता सीमावर्ती शहरमा आधिकांश औद्योगिक लगानी केन्द्रित छ । देशका अन्य स्थानमा निर्माण गरिएका औद्योगिक क्षेत्र गौचरणमा परिणत हुँदा यहाँका कोरिडोरमा अहिले नयाँ उद्योग खुल्नेक्रम यति बढेको छ कि अब जग्गाको प्राप्ति कठिन काम बनिसकेको छ ।

वीरगंज क्षेत्रमा नयाँ औद्योगिक क्षेत्रको खोजी मात्र होइन, निर्माणको प्रक्रिया अघि बढिसकेको छ । सीमा क्षेत्रबाट नजीकको भारतीय बजारमा पहुँच सहज भएकोले यस्ता क्षेत्रमा उद्योग खुलेकोमा द्विविधा छैन । नेपालको कुल निकासी व्यापारमध्ये करीब ९० प्रतिशत वीरगंज र विराटनगर क्षेत्रबाटै भइरहेको छ ।

भारतीय सहयोगमा नेपालमा तयार भएका र तयार हुने क्रममा रहेका अधिकांश पूर्वाधारको अवस्थिति सीमावर्ती क्षेत्रमैं छ । मूल नाका वीरगंजमा एकीकृत जाँच चौकी (आइसिपी), श्रीसिया सुक्खा बन्दरगाहसम्म जोडिएको रेलमार्ग, विराटनगर, भैरहवा र नेपालगंजका आइसिपी, हुलाकी मार्ग, रक्सौल–काठमाडौं रेलमार्गसहितका अन्य योजनाले पनि सीमा क्षेत्रका सम्भाव्यतालाई अग्रभागमा राखेको बुझ्न कठिन पर्दैन ।

ठूला लगानीमा निर्मित र निर्माणाधीन योजनाले सीमावर्ती क्षेत्रलाई केन्द्र भागमा राखेको देखिन्छ । लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता लगानीको मूल चासो हुन्छ । नेपालमा वैदेशिक लगानी ल्याइराखेका ९० देशमध्ये अहिलेसम्म छ देशसँग मात्रै दुई पक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) हुन सकेको छ । नेपाल र भारतबीच सन् २०११ मा सम्पन्न बिप्पाले एकअर्का देशमा हुने लगानीलाई सहज बनाएको छ ।

उद्योग मात्र होइन, नेपाल र भारतबीच पर्यटकीय अवसर उपयोगमा सहयात्राको सम्भावना पनि प्रचुर छ । भूगोलसँगै भाषा, संस्कृति र सामाजिक सम्बन्धका कारण नेपाल–भारत पर्यटकीय पूर्वाधार र यसको दोहनमा सहकार्यका आधार बलियो देखिन्छ ।

नेपालको लुम्बिनीलाई भारत बिहारको बोधगया र जनकपुरलाई अयोध्यासँग भगिनी सम्पर्कमा जोड्ने सम्झौता होऊन् वा भारतबाट जनकपुर र पूर्वी नेपालको बराह क्षेत्रको विकासमा सहयोगको प्रतिबद्धताजस्ता योजनाले पर्यटकीय सम्भाव्यतामा सीमावर्ती विशिष्टतालाई आधार भागमा राखेको स्पष्ट छ ।

केही समययता नेपाल र भारतका सीमावर्ती शहरको समान पूर्वाधार विकासमा आधारित 'ह्याप्पी बोर्डर'को अवधारणा अगाडि आएको छ । यो अवधारणाको कार्यान्वयनका लागि सरकारीस्तरबाटै पहल र प्रयासको खाँचो छ । काठमाडौंको पशुपति क्षेत्रलाई भारतको बनारसको धार्मिक संस्कृतिसँग सम्पर्क विस्तार गर्ने योजना दुई देशबीच धार्मिक र सांस्कृतिक सम्बन्ध विकासको अर्को कडी पनि हो ।

नेपालमा आउने पर्यटकमा सबैभन्दा बढी भारतीय छन् । यो हवाई मार्गबाट आउनेको तथ्याङ्क मात्रै हो । खुला सिमानाबाट नेपाल भित्रिएका यस्ता पर्यटकको आँकडा देखिँदैन । नेपाल–भारत सीमावर्ती क्षेत्र द्विपक्षीय आर्थिक, सामाजिक रूपान्तरणका सम्भावना र सम्बन्धहरूको खानी भएर पनि द्रुत रणनीतिक कार्ययोजनाको अभाव सम्भाव्यताको सापेक्ष उपयोगमा विलम्बको कारण बनेको छ ।

# तीन गाउँका बासिन्दा दुई महीनादेखि अन्धकारमा

सर्लाही, २१ माघ/रासस

बरहथवा नगरपालिका–११ का करीब पाँच सय परिवार दुई महीनादेखि अन्धकारमा बस्न बाध्य छन् ।

बरहथवा–११ का बासिन्दा मङ्सिरदेखि अन्धकारमा बस्न बाध्य भएका हुन् । यहाँस्थित विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थामार्फत २०६७ सालदेखि बिजुली बाल्दै आएका आफूहरू गएको मङ्सिर २७ गतेदेखि अन्धकारमा बस्न बाध्य भएको स्थानीयवासीको गुनासो छ ।

सहकारी संस्थाले बिजुलीको बक्यौता रकम चुक्ता नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रले बरहथवा–११ को हीरापुर, हीरापुर ब्यारेज र खोरकट्टी गाउँमा बत्ती काटेपछि मङ्सिरदेखि आफूहरू अन्धकारमा बस्न बाध्य भएको स्थानीय रामगुलाम महतोले बताए । उनका अनुसार सामुदायिक विद्युतीकरण अन्तर्गत विद्युत् प्राधिकरणले एक ठाउँमा थोक मिटर राख्ने र त्यही मिटर रिडिङ गरेर सहकारीको नाममा बिजुलीको एकमुस्ट बिल काट्ने गरेको थियो । त्यसपछि सहकारीले आफ्ना कर्मचारी खटाएर स्थानीयवासीको घर–घरमा रहेको मिटर रिडिङ गरेर पैसा सङ्कलन गर्दै आइरहेको थियो ।

पछिल्लो समय भने सहकारीले पैसा बुझाउन नसकेपछि प्राधिकरणले गाउँको बत्ती काटेदेखि आफूहरू अहिले टुकीको भरमा रात काट्न बाध्य भएको स्थानीय कपिल रायले बताए । उनका अनुसार मोबाइल चार्ज गर्नसमेत छिमेकी गाउँ वा बरहथवा बजारसम्म आउनुपर्ने बाध्यता छ ।

नियमित बिजुली महसूल बुझाउनेको समेत बत्ती काटिएको स्थानीय लोकप्रसाद पराजुलीले बताए । उनका अनुसार सहकारी संस्थाका पदाधिकारीले शुरूदेखि नै हेलचेक्र्याइँ गर्दा अन्धकारमा बस्नुपरेको परेको छ । गाउँमा बिजुली नहुँदा स्थानीयले अन्यत्र रहेका आफन्तसँग कुराकानी गर्न पाएका छैनन् ।

बिजुली नहुँदा बरहथवा–११ स्थित वडा कार्यालयमा अनलाइनबाट हुने सम्पूर्ण काम प्रभावित बनेको वडाध्यक्ष नवराज राईले बताए । उनका अनुसार बत्ती नरहेकाले अनलाइनबाट हुने घटना दर्ताका लागि सेवाग्राहीलाई नगरपालिका कार्यालयमैं पठाउनुपर्ने बाध्यता सिर्जना भएको छ ।

शुरूमा जसरी पनि गाउँमा बत्ती बाल्नुपर्छ भनेर सामुदायिक विद्युतीकरण गरिएको विशेश्वरनाथ सामुदायिक ग्रामीण विद्युत् सहकारी संस्थाका उपाध्यक्ष रामकृष्ण चालिसेले बताए । उनले कतिपय ग्राहकले पैसा नबुझाइदिंदा यो अवस्था आएको बताए । प्राधिकरणले यसअघि पनि बेलाबेलामा गाउँमा आएर बत्ती काट्दा स्थानीयले पैसा उठाएर केही बक्यौता रकम तिरेर सञ्चालन गराउने गरेका भएपनि यसपटक करीब दुई महीनादेखि देखिएको समस्या समाधानमा कसैको चासो छैन ।

ग्रामीण विद्युतीकरण असफल भएपछि अब भने सोझै प्राधिकरणबाट घर–घरमा मिटर राखेर प्राधिकरणले नै मिटर रिडिङ गर्ने व्यवस्था मिलाउन लागिएको नगरप्रमुख कल्पनाकुमारी कटुवालले बताइन् ।

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## जफत गरिएको रूसी रकम युक्रेनको सहयोगमा

वाशिङ्टन, २१ माघ/एएफपी

अमेरिकाले जफत गरिएको रूसी रकम युक्रेनको सहयोगका निम्ति प्रयोग




गर्न अनुमति दिएको छ। महान्यायाधिवक्ता मेरिक गारल्यान्डले जफत गरिएको रूसी रकम युक्रेनको सहयोगका निम्ति उपयोग गर्न अनुमति दिइएको बताएका छन्।

महान्यायाधिवक्ता गारल्यान्ड र युक्रेनी अभियोजक जनरल एन्ड्री कोस्टिनबीच यहाँ भएको भेटवार्तापछि अमेरिकाले रूसी रकम युक्रेनको सहायताका निम्ति खर्च गर्न अनुमति दिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन्। रूसले छिमेकी युक्रेनमाथि आक्रमण गरेको करीब एक वर्षपछि अमेरिकाले उक्त घोषणा गरेको हो।

रूसी धनाढ्य कोन्स्टान्टिन मालोफेयेभबाट जफत गरिएको सम्पत्ति युक्रेनको प्रयोगका निम्ति उपयोग गर्ने अधिकार प्रत्यायोजना गरिएको महान्यायाधिवक्ता गारल्यान्डले केबल न्युज नेटवर्क (सिएनएन)लाई बताएका छन्।

अभियोजक कोस्टिनले अमेरिकी निर्णयको स्वागत गर्दै मालोफेयेभबाट जफत गरिएको ५४ लाख अमेरिकी डलर युक्रेनको पुनर्निर्माणमा उपयोग गरिने बताएका छन्।

राज्यको सम्पत्ति हत्याएका व्यक्तिको सम्पत्तिमाथि कारबाही गर्ने अमेरिकी नयाँ कानूनको उनले खुलेर प्रशंसा गरेका छन्।

सबै युक्रेनी कुनै न कुनै रूपमा जारी युद्धबाट पीडित भएका, उनीहरूले बेहोरेका क्षतिको पूर्ति सुनिश्चित गर्नु आफ्नो दायित्व भएको उल्लेख गर्दै अभियोजक कोस्टिनले सामाजिक सञ्जाल ट्विटरमा अपराधीले क्षतिको भुक्तानी गर्नुपर्ने बताएका छन्। रासस

## बृहस्पतिमा ९२ वटा चन्द्रमा !

केप क्यानाभेरल (फ्लोरिडा), २१ माघ/एपी

खगोलविद्ले बृहस्पतिमा थप १२ वटा चन्द्रमा पत्ता लगाएका छन्। योसँगै सौर्यमण्डलमा सबैभन्दा धेरै चन्द्रमा भएको ग्रह बृहस्पति भएको छ।

खगोलशास्त्रीहरूले यसअघि शनिमा ८३ वटा चन्द्रमा पत्ता लगाएका थिए। हवाई र चिलीमा गत सन् २०२१ र गत वर्ष टेलिस्कोप प्रयोग गरेर बृहस्पतिका ती नयाँ चन्द्रमा पत्ता लागेको इन्टरनेशनल एस्ट्रोनोमिकल युनियन माइनर प्लानेट सेन्टरले जनाएको छ। पत्ता लागेका नयाँ चन्द्रमा आकारमा ०.६ माइलदेखि दुई माइलसम्मका छन्।

आगामी अप्रिलमा युरोपेली अन्तरिक्ष एजेन्सीले बृहस्पति ग्रह र त्यसका केही



ठूला चन्द्रमाको अध्ययन गर्न अन्तरिक्ष यान प्रक्षेपण गर्दैछ भने अमेरिकी अन्तरिक्ष अनुसन्धान केन्द्र (नासा)ले पनि आगामी वर्ष अर्को यान प्रक्षेपण गर्नेछ।

खगोलविद्का अनुसार बृहस्पति र शनि साना चन्द्रमाले भरिएका छन्। बृहस्पतिका नयाँ चन्द्रमाको नामकरण हुन बाँकी छ। पत्ता लागेका नयाँ चन्द्रमामध्ये आधा धेरै साना छन्। रासस

## बेलुन प्रकरणः 'चीनलाई बदनाम गर्ने बहाना'

बेइजिङ, २१ माघ/सिन्हवा


बेइजिङले बेलुन घटना चीनलाई बदनाम गर्ने बहानाका रूपमा प्रयोग गरिएको बताएको छ। विदेश मन्त्रालयका प्रवक्ताले शनिवार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकेनको चीन भ्रमण स्थगन भएको घोषणाप्रति टिप्पणी गर्दै त्यो चीनलाई बदनाम गर्ने चाल भएको बताएका छन्।

अमेरिकी सञ्चारमाध्यममा विदेश मन्त्रालयका अधिकारीलाई उद्धृत गर्दै विदेशमन्त्रीको योजनाबद्ध चीन भ्रमण चिनियाँ बेलुनका कारण स्थगन भएको जनाइएको छ। अमेरिकालगायत पश्चिमा मुलुकका सञ्चारमाध्यमले 'अमेरिकाको जासुसी गर्न चीनले बेलुन अमेरिकी आकाशमा पठाएको' समाचार शुक्रवार प्रकाशन/प्रसारण गरेका थिए।

वायुको वेग र बहावका कारण अनपेक्षितरूपमा मानवरहित वायुयान अमेरिकी आकाशमा प्रवेश गरेको स्वीकार गर्दै चीनले त्यस सम्बन्धमा अमेरिकी पक्षलाई जानकारी गराएको विदेश मन्त्रालयका प्रवक्ताले बताएका छन्। मौसम विज्ञानसम्बन्धी सूचना सङ्कलन गर्न नागरिकस्तरमा उडाइएको उक्त बेलुन वायु बलका कारण काबुबाहिर हुँदा अमेरिकी आकाशमा पुगेको उनले स्पष्ट गरेका छन्।

चीनले सधैं अन्तर्राष्ट्रिय कानूनको अक्षरशः पालना गरेको, कुनै पनि देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सधैं सम्मान गरेको, कुनै पनि देशको भूभाग वा हवाई क्षेत्रको उल्लङ्घन नगरेको र उल्लङ्घन गर्ने कुनै नियत नभएको विदेश मन्त्रालयका प्रवक्ताले स्पष्ट गरेका छन्।

"संयुक्त राज्य अमेरिकाका केही राजनीतिज्ञ र सञ्चारमाध्यमले चीनलाई बदनाम गर्न यसलाई प्रचार गरेका छन्, चिनियाँ पक्ष यसको विरोध गर्दछ," सबै तहमा सम्पर्क र समन्वय कायम गर्ने चीन र अमेरिकी राष्ट्रपतिबीच पछिल्लोपटक बालीमा भएको सहमति स्मरण गराउँदै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले भनेका छन्। दुवै



पक्षले पारस्परिक सम्बन्धलाई सुव्यवस्थित गर्नुपर्नेमा जोड दिंदै उनले केही अप्रत्याशित परिस्थितिलाई विवेकपूर्ण तरीकाले व्यवस्थापन गर्नुपर्ने बताएका छन्।

बेइजिङ र वाशिङ्टनले अमेरिकी विदेशमन्त्रीको चीन भ्रमणबारे औपचारिक घोषणा नै नगरेको परिप्रेक्ष्यमा अमेरिकाले गरेको पछिल्लो घोषणा अमेरिकामा निर्भर रहेको र त्यसलाई चीनले सम्मान गर्ने विदेश मन्त्रालयका प्रवक्ताले बताएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – यात्रालाभ |
| कुम्भ – कडापरिश्रम | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिकाको जनहितमा जारी अपील

यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत विद्यालयले भर्ना भएको सङ्ख्याको १० प्रतिशतले हुन आउने विद्यार्थी सङ्ख्यालाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम छात्रवृत्ति वितरण गर्नुहुन सबै संस्थागत विद्यालयलाई सूचित गर्नुका साथै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

## विन्ध्यवासिनीमा पूजा सम्पन्न

दिनेश मिश्र, वीरगंज, २१ माघ/

विन्ध्यवासिनी परिवहन सेवा प्रालिसँग आबद्ध चालकहरूको समूहले मङ्गल कामनाको लागि शनिवार विन्ध्यवासिनी मन्दिरमा पूजा गरेका छन्। प्रालिका अध्यक्ष वीरबहादुर


तस्वीरः प्रतीक

राउतले प्रत्येक वर्ष माघ महीनामा टेम्पुसहित चालकहरू भेला भई मङ्गल कामनाको लागि विन्ध्यवासिनी माताको पूजा गर्ने परम्परा रहेको बताए। उनले माघ महीनामा पूजा हुँदै आइरहेको र सोही अनुसार यस वर्ष पनि धूमधामले पूजा गरिएको बताए।

प्रालिका उपाध्यक्ष सुनीलकुमार रामले पुरोहितले सुझाएको तिथिमा पूजा गरिंदै आएको बताए। रामले विन्ध्यवासिनी माताको पूजा गरी बोकाको बलि दिने चलन रहेको बताए। प्रालिमा आबद्ध ३२ वटा टेम्पु विन्ध्यवासिनी चोकबाट वीरगंजको घण्टाघरसम्म सञ्चालन हुन्छन्।

## ठोरीमा निशुल्क शिविर

प्रस, सेढवा, २१ माघ/

ठोरी गाउँपालिकाको


तस्वीरः प्रतीक

गौतमनगरस्थित सरस्वती माविमा शनिवार निशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा करीब ३७५ जनाको चेकजाँच गरिएको थियो। शिविरमा जेनरल फिजिसियन, हाडजोर्नी, स्त्रीरोग, छाला, आँखा र दाँत रोगका बिरामीहरूको चेकजाँच डा रवीन्द्र सिंह, डा पवन चौरसिया, डा चन्द्रभूषण सिंह, डा नवीन सिंह, डा प्रशान्त ठाकुर, डा नितिशा कर्ण, डा बबिता चौधरी, डा विवेकराज गौतम, डा प्रकाश पौडेल र डा निक्की चौधरीले गरेका थिए।

एभरग्रीन तराई अस्पतालको सहकार्यमा सञ्चालित शिविरमा बिरामीहरूलाई निशुल्क औषधिसमेत वितरण गरिएको थियो।

वडाध्यक्ष अमृतकृष्ण सापकोटाको प्रमुख आतिथ्य तथा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा कृपासिन्धु चौधरीको संयोजनमा सो शिविर सम्पन्न भएको हो।

## कुम्हालटोल सुधार समाजको साधारणसभा

प्रस, वीरगंज, २१ माघ/

कुम्हालटोल सुधार समाजको आठौं साधारणसभा सम्पन्न भएको छ। नन्दलाल राउत अहिरको सभापतित्वमा भएको साधारणसभामा कोषाध्यक्ष विजय अग्रवालले आर्थिक प्रतिवेदन पेश गरेका थिए भने सचिव हेमन्त शाक्यले सङ्गठनात्मक प्रतिवेदन पेश गरेका थिए।

साधारणसभामा वडाध्यक्ष हीराकाजी महर्जन, सामुदायिक प्रहरी सेवा केन्द्र, कुम्हालटोलका सचिव श्रवणबहादुर रायमाझी, अशोककुमार गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए। साधारणसभाले नन्दलाल राउत अहिरको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको निर्वाचन अधिकृत मनोजकुमार मिश्रले बताए। कार्यसमितिको वरिष्ठ उपाध्यक्ष अशोककुमार गुप्ता, उपाध्यक्ष रामबाबू रायमाझी, सचिव हेमन्त शाक्य, सहसचिव रितेशकुमार गुप्ता, कोषाध्यक्ष बैजनाथ साहलगायत सदस्यहरू छन्।

## बलुवामा गोढ समाजको बैठक सम्पन्न

प्रस, वीरगंज, २१ माघ/

कालिकामाई गाउँपालिका-४ कट्टिबलुवामा शनिवार गोढ समाजको बैठक सम्पन्न भएको छ।

नेपाल गोढ समाज उत्थान समितिका अध्यक्ष सुनित साहको अध्यक्षतामा बसेको बैठकले समितिले हालसम्म गरेको कार्यप्रगतिको बारेमा चर्चा गरिएको थियो।

कार्यक्रममा अध्यक्ष साहले मधेसी आयोगले प्रकाशित गरेका पुस्तकमा गोढ समुदायलाई ४२औं नम्बरमा सूचीकृत गर्दा केही थर छुट्न गएकामा सच्याउन समितिले निवेदन दिएको जानकारी गराए। उनले गोढ र गोंड दुवै एउटै जाति भएको र मधेसी आयोगले प्रकाशित गरेको पुस्तकामा गोंड मात्र उल्लेख गरेकोले भविष्यमा नामको कारण समस्या आउन सक्ने भन्दै त्यसलाई सच्याउन निवेदन दिएको जानकारी दिए।

बैठकमा कोषाध्यक्ष प्रह्लाद गुप्ताले समितिको आय-व्ययको बारेमा जानकारी गराएका थिए भने जिल्ला अध्यक्ष मनोज साहले संस्थाले गरेका कामकारबाहीको बारे जानकारी गराएका थिए।

बैठकमा कालिकामाई गापाका वडाध्यक्ष सञ्जय साह, पोखरिया नगरपालिकाका वडाध्यक्ष सोनालाल साह र स्वास्थ्यकर्मी प्रभास साहलाई सम्मानित गरिएको थियो। बैठकको सहजीकरण राकेश साहले गरेका थिए।

### तीन गाउँका बासिन्दा ...

उनले ग्रामीण विद्युतीकरण गर्ने सहकारीले लेखापरीक्षण केही नगरेको र संस्था नै लथालिङ अवस्थामा रहेकोले प्राधिकरणकै माध्यमबाट बिजुली मिटर प्रयोग गरी महसूल सङ्कलनको व्यवस्था मिलाउन लागिपरेको बताइन्।

सामुदायिक विद्युतीकरणलाई प्राधिकरणमैं गाभ्ने प्रक्रिया अघि बढाइएको नेपाल विद्युत् प्राधिकरणको बरहथवा वितरण केन्द्रका सुपरभाइजर छोटेलाल यादवले बताए। उनका अनुसार हाल सहकारीको नाममा रहेको रु १३ लाख बक्यौता नगरपालिकाले तिर्ने सहमतिपछि सो गाउँमा मिटर जडान गरेर लाइन जोड्ने तयारी भइरहेको छ।

Madhesh Province Government
Ministry Of Social Development
Social Development Unit,
Birgunj, Parsa

**Invitation for National Competitive Bid for the construction of Bench and Desk for School IFB No: SDU/NCB/WORKS/079/80/03**

Date of first Publication: 05 Feb 2023

1. Social Development Unit, Birgunj invites sealed bids from eligible bidders for the construction of Bench and Desk for School, under National Competitive Bidding procedures for all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Social Development Unit, Birgunj, Parsa, Mobile No. 9851275128, Email: birgunjsdu@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office Social Development Unit, Birgunj, Parsa, and the office Social Development Unit, Birgunj, Parsa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000/- till 6 March, 2023, 05:00 PM.
   Name of the Bank: Rastriya Banijya Bank Limited
   Name of Office: Social Development Unit, Birgunj, Parsa
   Office Code no.: 3500922012
   Office Account no.: 1250100202030000
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held on Friday, 24 February 2023 at 01:00 PM at Social Development Unit, Birgunj, Parsa
5. Sealed bids must be submitted to the office Social Development Unit, Birgunj, Parsa by hand/courier on or before 12:00 Noon on 7 March 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 7 March 2023 at the office of Social Development Unit, Birgunj, Parsa. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 125000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 5 July 2023). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1250100202030000 at Rastriya Banijya Bank, Birgunj, Parsa and submit the receipt of the deposited amount of cash along with the Sealed Bids document.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Contract No. | Description of works | Estimated Amount without VAT, NRs. | Bid Security Amount NRs. | Bid Fee, NRs. |
|---|---|---|---|---|---|
| 1 | SDU/NCB/WORK S/079/80/03 | Construction of Bench and Desk for School | 4233497.06 | 125000/- | 3000/- |

# आँखा शिविरमा १३७२ जनाको परीक्षण

प्रस, वीरगंज, २१ माघ/

अहमदिया सङ्घ नेपालले शनिवार विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीभाठामा आयोजना गरेको निश्शुल्क आँखा शिविरमा एक हजार ३७२ जनाको आँखा परीक्षण गरिएको छ ।

रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको प्राविधिक सहयोगमा आयोजित शिविरमा एक हजार ३७२ जनाको आँखा परीक्षण गरिएकामा २५० जनामा मोतीबिन्दु फेला परेको छ । मोतीबिन्दु भएकाहरूलाई केडिया आँखा अस्पतालले निश्शुल्क शल्यक्रिया गर्ने आयोजक संस्थाले जनाएको छ ।



चेकजाँचका लागि शिविरमा स्थानीयलगायत । तस्वीरः प्रतीक

अहमदिया सङ्घ नेपालका अध्यक्ष कमरूलहोदा अन्सारीको अध्यक्षता तथा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत शशिभूषण कुमारको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विन्ध्यवासिनी गापा अध्यक्ष प्रमोद तिवारी, उपाध्यक्ष ज्योति चौरसिया, वडाध्यक्ष मोहन राउत अहिरलगायतको सहभागिता रहेको अहमदिया सङ्घ नेपालका इन्चार्ज हासिम अहमदले बताए ।

# शहीद दिवसको उपलक्ष्यमा किसान सम्मानित

प्रस, पोखरिया, २१ माघ/

नेपाल किसान महासङ्घ, पर्सा जिल्ला कार्यसमितिको आयोजनामा शहीद दिवसको उपलक्ष्यमा किसान सम्मान तथा अन्तर्क्रिया कार्यक्रम पकहामैनपुर गापा कार्यालयको सभाहलमा शनिवार सम्पन्न भएको छ ।

कार्यक्रममा जिल्लाका ६० जना किसानलाई सम्मानित गरिएको थियो ।

नेपाल किसान महासङ्घका जिल्ला अध्यक्ष अरबिन्द त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा महमद नसुर्लाह, नेका पर्सा क्षेत्र नं ३ का सचिव सुरेन्द्र सिंह, प्रदेश सचिव राकेश कुशवाहा,




वडाध्यक्षहरू मुकुन्द चौहान, डेरी यादव, सञ्जय चौहानलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन जयप्रकाश गुप्ताले गरेका थिए ।

# ठोरीमा ट्रेड युनियनको सम्मान कार्यक्रम

चिरञ्जीवी सापकोटा, ठोरी, २१ माघ/

नेपाल ट्रेड युनियन काङ्ग्रेस, पर्साले शनिवार ठोरीको गणेशमान सिंह राईधारा पार्क परिसरमा वनभोज र




सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

ट्रेड युनियन काङ्ग्रेस, पर्साका अध्यक्ष छोटेलालप्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काङ्ग्रेस पर्साका सभापति एवं मधेस प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले ट्रेड युनियन काङ्ग्रेस, पर्सा देशभरिमैं नमूना भएको बताए । उनले आगामी दिनमा अझ मजबूत बनाउन पर्साका १४ वटै पालिकामा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सुझाए ।

बहुदल आएपछि गणेशमान सिंह वीरगंज आएको बेलामा ठोरी जान रहर गरेपछि आफूहरूले सिंहलाई ठोरी ल्याएको सम्झिंदै ठोरीलाई नेपाली काङ्ग्रेसले कहिल्यै बिर्सन नसक्ने बताए ।

अर्का प्रदेशसभा सदस्य श्याम पटेलले ठोरी मधेस प्रदेशको अन्य क्षेत्रभन्दा पर्यटनको प्रचुर सम्भावना रहेको ठाउँ भएको बताए । उनले ठोरीलगायत अन्य धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्र निर्माण गर्न आफू लागिपर्ने वचन व्यक्त गरे ।

नेपाली काङ्ग्रेस, पर्साका उपसभापति रामनारायण कुर्मीले पर्सामा काङ्ग्रेसको सङ्गठन मजबूत भए तापनि भ्रातृ संस्थाहरू कमजोर हुँदै गएका भनेर चिन्ता व्यक्त गरे ।

नेपाल ट्रेड युनियन काङ्ग्रेसका महासचिव योगेन्द्र कुँवरले नेपाल ट्रेड युनिय काङ्ग्रेसको राष्ट्रिय महाधिवेशन आगामी जेठ महीनामा हुने बताउँदै जिल्ला अधिवेशन समयमैं सम्पन्न गर्न आग्रह गरे ।

कार्यक्रममा प्रदेशसभा सदस्यद्वय क्षत्री र पटेल, ट्रेड युनियनका महासचिव कुँवर, नेका, पर्साका उपसभापति कुर्मी, ठोरीका सभापति सन्तोष श्रेष्ठलगायत नेताहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा क्षेत्रीय सभापति अरबिन्द गुप्ता, महमद सहाबुद्दीन, महाधिवेशन प्रतिनिधि प्रकाश खनाल, नेका, ठोरीका सभापति सन्तोष श्रेष्ठ, नेपाल ट्रेड युनियन मधेस प्रदेशका सभापति लक्ष्मणप्रसाद कुर्मी, नेपाल कारखाना श्रमिक सङ्घका अध्यक्ष अमृतलाल जोशी, ट्रेड युनियन काङ्ग्रेसका केन्द्रीय सदस्य माधव उपाध्याय, नेपाल टेलिकम वर्क्स युनियनका केन्द्रीय उपाध्यक्ष पूरन साह कानू, नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष प्रदीप जैसवाल, नेपाल शिक्षक सङ्घ मधेस प्रदेशका उपमहासचिव मोहनलाल कुर्मी, नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठलगायत वनभोज कार्यक्रममा सहभागी थिए ।

कार्यक्रममा स्वागत ट्रेड युनियन काङ्ग्रेस, पर्साका उपाध्यक्ष चन्द्रनारायण सिंह रिजाल र सहजीकरण सचिव हरेन्द्र महतोले गरेका थिए ।

# वीरगंज नाकाबाट एक वर्षमा ६५९ पर्यटक भित्रिए

वीरगंज, २१ माघ/रासस

पर्साको वीरगंज भन्सार नाकाबाट पछिल्लो एक वर्षको अवधिमा ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

विश्वव्यापीरूपमा फैलिएको कोभिड–१९ को सङ्क्रमण कम भएसँगै नेपालबाट बाहिरिनेभन्दा भित्रिने पर्यटकको सङ्ख्या बढ्दै गएको हो ।

पर्यटक प्रहरी कार्यालय, वीरगंजका अनुसार सन् २०२२ को जनवरीदेखि सन् २०२३ को जनवरीसम्म यहाँबाट ६५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने ५०५ जना विदेशी पर्यटक बाहिरिएका छन् ।

हावापानी तथा घुमफिर गर्ने मौसमका दृष्टिकोण उपयुक्त मानिएको असोज, कात्तिक, मङ्सिर र पुसमा अन्य महीनाको तुलनामा पर्यटकको सङ्ख्या बढिरहेको पर्यटन प्रहरी कार्यालय, वीरगंजका प्रमुख प्रहरी नायब निरीक्षक अनिलकुमार महतोले जानकारी दिए ।

कार्यालयको तथ्याङ्क अनुसार पछिल्लो पुसमा मात्रै वीरगंज नाकाबाट १०२ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् भने १२४ जना बाहिरिएका छन् ।

भारतका विभिन्न शहर घुमेर वीरगंज नाकाबाट नेपाल आउनेमा अमेरिका, फ्रान्स, थाइल्यान्ड, जर्मनी र क्यानडाका पर्यटक बढी हुने गरेको महतोले बताए ।

यहाँ आउने पर्यटकलाई होटल, यातायातलगायतमा असुविधा वा ठगी हुन नदिन सचेतना जगाउनुका साथै दुर्घटनामा परी घाइते भएकालाई उपचार गराइ परिवारजनको जिम्मा लगाउने काम पर्यटक प्रहरी कार्यालय, वीरगंजले गर्दै आएको प्रनानि महतोको भनाइ छ ।

# सिम्रौनगढ बजार अनिश्चित कालका बन्द

प्रस, सिम्रौनगढ, २१ माघ/

बाराको सिम्रौनगढ बजारका व्यापारीहरूले शनिवारदेखि सिम्रौनगढ बजार अनिश्चितकालको लागि बन्द गराएका छन् ।

स्थानीय प्रशासन, इलाका प्रहरी कार्यालय, सिम्रौनगढ र सशस्त्र प्रहरी बिओपी गोलागंजले व्यापारी र स्थानीयवासीमाथि ज्यादती गरेको र सोको विरुद्धमा नारा जुलुस गर्दै सिम्रौनगढ बजार र रानीवास बजार अनिश्चितकाल बन्द गरिएको व्यापारीहरूले बताए ।

व्यापारीहरूले प्रहरी ज्यादती बन्द गर, भन्सार कार्यालय स्थापना गरलगायतका नारा लगाउँदै सिम्रौनगढ परिक्रमा गरी बजार बन्द गराएका थिए । यहाँ भन्सार पनि स्थापना नगरेको, प्रहरीले घरायसी प्रयोजनका सामानसमेत पक्राउ गरी चलान गर्ने गरेकोले यो कदम चाल्न बाध्य भएको व्यापारी धर्मेन्द्र जयसवालले बताए ।

बारा उद्योग वाणिज्य सङ्घ, शाखा सिम्रौनगढका अध्यक्ष लालबाबूप्रसाद कुशवाहाको नेतृत्वमा बजार बन्द गराइएको हो ।

# गाँजा मुद्दामा फरार दुईजना पक्राउ

प्रमोद यादव, पंचगावाँ, २१ माघ/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले गाँजा मुद्दामा फरार दुईजनालाई पक्राउ गरेको छ ।

प्रहरी निरीक्षक किशोर आचार्य नेतृत्वको टोलीले गोप्य सूचनाको आधारमा पटेर्वासुगौली गापा–३ बस्ने ५५ वर्षीय रामलालदास थारूलाई शनिवार बिहान पाँच बजे निजकै घरबाट पक्राउ गरेको हो । थारूलाई गाँजा मुद्दामा पर्सा जिल्ला अदालतले नौ महीना १८ दिन कैद र छ हजार रुपैयाँ जरिवाना गरेपछि उनी फरार सूचीमा थिए ।

यसैगरी, जीराभवानी गापाबाट प्रहरीले लागूऔषध मुद्दामा अदालतबाट सजाय भएपछि फरार सूचीमा रहेका जीराभवानी गापा–५ सखुवनिया निवासी ५० वर्षीय रामचन्द्र मुखिया बिनलाई पनि पक्राउ गरेको प्रनि आचार्यले बताए ।

बिनलाई पर्सा जिल्ला अदालतबाट लागूऔषध मुद्दामा दुई वर्ष कैद र पच्चीस हजार रुपैयाँ जरिवाना भएपछि उनी फरार भएका थिए । पक्राउ परेका दुवैजनालाई भोलि आइतवार पर्सा जिल्ला अदालतमा हाजिर गराउने जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

## बाराको चारकोसे ....

आसपासको वनक्षेत्रमा सो रूख फेला पारेको भोलिपल्ट बिहान पूजापाठ गरी सो रूखलाई अर्जुन सखुवा नामकरण गरिएको थियो ।

पूर्व–पश्चिम राजमार्गबाट करीब अढाई किलोमिटर उत्तरतर्फ र फास्ट ट्र्याकको पूर्वी सिमानानजीकै अर्जुन सखुवा भेटिएको हो ।

सो आसपासको वनक्षेत्रमा भविष्यमा धेरै मोटाइ र उचाइ हुन सक्ने अन्य सालका केही रूखसमेत भेटिएको टोलीले जानकारी दिएको थियो । वन र सखुवाका रूखका बारेमा अनुसन्धान गर्नेहरूका लागि र बारा अनि निजगढलाई चिनाउने रूखहरूमध्येमा यी रूखहरू अग्रस्थानमा आउने टोलीले दाबी गर्दै यसलाई राज्य र स्थानीयले चासो दिएर संरक्षण गर्नुपर्ने सो टोलीको सुझाव थियो ।

# साझा सहकारीलाई पुनः सञ्चालनमा ल्याउन छलफल

प्रस, निजगढ, २१ माघ/

निजगढ नगरपालिका–९ स्थित साझा सहकारी संस्थालाई पुनः सञ्चालनमा




ल्याउन शनिवार छलफल भएको छ ।

साझा सहकारी सरोकार समिति निजगढको आयोजनामा गरिएको उक्त छलफलमा अधिकांश वक्ताले सहकारी सञ्चालनमा ल्याइ निजगढका जनता, किसान, उपभोक्ताहरूको हकहितका लागि कार्य सञ्चालन गर्नुपर्ने आग्रह गरे ।

वक्ताहरूले रासायनिक मल, कीटनाशक औषधि, भिटामिन, विभिन्न बीउबिजनलगायत आवश्यक वस्तुलाई सरल, सुपथ मूल्यमा उपलब्ध हुनेगरी पुनः यस सहकारीलाई जनहितका लागि सञ्चालनमा ल्याउनुपर्ने बताए ।

निजगढकै सार्वजनिक चासो रहेको साझा सहकारी पुनः सञ्चालनमा ल्याउन स्थानीय तह निजगढ नगरपालिकाले सकारात्मक कदम चाल्नुपर्नेसमेत सहभागीहरूले बताए । लामो समयदेखि बन्द रहेको सार्वजनिक चासोको संस्थाको हिसाबकिताब पारदर्शी बनाइ नयाँ सञ्चालक समिति चयन गरी संस्था सञ्चालन गर्न आवश्यक बजेट प्रदेश र सङ्घीय सरकारलाई समेत घचघच्याउन पछि नपर्न सहभागीहरूले सुझाव दिएका थिए ।

भेलाले सन्तोष दङ्गालको संयोजकत्वमा नौ सदस्यीय सरोकार समिति गठन गरेको छ ।

समितिका सदस्यहरूमा सीता मैनाली, गीता भट्टराई, भीम सापकोटा, रामहरि खरेल, जगतबहादुर न्यौपाने, हीराबहादुर खड्का, सागर तामाङ, सुदर्शन दङ्गाल छन् ।

कार्यक्रममा निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, भोजराज अधिकारी, सुदर्शन कोइरालालगायतले संस्था सञ्चालनमा ल्याउन सबै अघि बढेर काम गर्न जोड दिए ।

युवा समाजसेवी सन्तोष दङ्गालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन मोहन डिसीले गरेका थिए ।





## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड